बैठक संख्या : ०८२/०८३/१५

आज मिति २०८२/१२/२३ गते सोमबारका दिन यस माथागढी गाउँपालिकाका अध्यक्ष श्री यम बहादुर चिदी ज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्ताव माथि छलफल गरी निर्णय लिनका लागि गाउँ कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान :८.०० बजे ।

स्थान : गाउँ कार्यपालिका भवन, झडेवा, पाल्पा ।

उपस्थिति :

| सि.न. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री यम बहादुर चिदी | अध्यक्ष | [signature] |
| २. | श्री विष्णु माया लुङ्चे | उपाध्यक्ष | [signature] |
| ३ | श्री राजकुमार पन्थी | सदस्य | [signature] |
| ४. | श्री बोम बहादुर ठाडा | सदस्य | [signature] |
| ५. | श्री तेज बहादुर घर्ति मगर | सदस्य | [signature] |
| ६ | श्री शंकर दर्लामी | सदस्य | [signature] |
| ७. | श्री गणेशमान गाहा | सदस्य | [signature] |
| ८. | श्री युव बहादुर ठाडा मगर | सदस्य | [signature] |
| ९. | श्री जग बहादुर दर्लामी | सदस्य | [signature] |
| १०. | श्री दिल बहादुर ढेगा | सदस्य | [signature] |
| ११. | श्री तुलसा न्यौपाने | सदस्य | [signature] |
| १२. | श्री मगली कुमाल | सदस्य | [signature] |
| १३. | श्री रुकुमी सुनारी | सदस्य | [signature] |
| १४. | श्री लिला सरा चिदी | सदस्य | [signature] |
| १५. | श्री पुर्ण बहादुर सुनार | सदस्य | [signature] |
| १६. | श्री भिम कुमारी परियार | सदस्य | [signature] |
| १७. | श्री सुन्दर प्रसाद श्रेष्ठ | सचिव | [signature] |
| | आमन्त्रित: | | |
| १८. | श्री जित कुमारी ढेगा | | |
| १९. | | | |
| | | | |
| | | | |

माथागढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय झडेवा पाल्पा लुम्बिनी प्रदेश

[signature] प्रमुख प्रशासकीय अधिकृत

[signature] यम बहादुर चिदी अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

# कार्यपालिकाको पन्ध्रौं बैठकको प्रस्ताव तथा निर्णयहरु:-

यम बहादुर चिदी
अध्यक्ष

मिति २०८२/१२/२३

प्रस्तावहरु:-

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा,
२. विपन्न नागरिक स्वास्थ्य बीमा सम्बन्धमा,
३. नि:शुल्क विशेषज्ञ स्वास्थ्य शिविर सम्बन्धमा,
४. कृषि तथा पशु उद्यमशिल साझेदारी कार्यक्रम सम्बन्धमा।
५. सम्पर्क व्यक्ति (Focal Person) तोक्ने सम्बन्धमा,
६. ट्याक्टर भाडामा लिने सम्बन्धमा,
७. नेपाली सेनाको पदयात्रा सम्बन्धमा,
८. बंगुर प्रवर्द्धन कार्यक्रम सम्बन्धमा,

निर्णयहरु:-

१. कार्यपालिकाको यस अघिको वैठकबाट गरिएका निर्णय कार्यान्वयनको समिक्षा गरियो। धेरैजसो निर्णय कार्यान्वयन भएको पाईयो। कार्यान्वयन हुन बाँकी निर्णयलाई शिघ्र कार्यान्वयन गर्ने गराउने सर्वसम्मतिले निर्णय गरियो।

२. आर्थिक वर्ष २०८२/०८३ मा गाउँपालिकाबाट विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रमको लागि विनियोजित रु.२००००००/- (अक्षरुपी बीस लाख मात्र)बाट देहाय बमोजिमको वडाबाट देहाय बमोजिम विपन्न नागरिक घरपरिवार छनौट गरि प्रति परिवार रु.३५००/- (अक्षरुपी तीन हजार पाँच सय मात्र) का दरले स्वास्थ्य बीमा गराउने सर्वसम्मतिले निर्णय गरियो।
तपसिल

| वडा | बीमा गरिने विपन्न घरपरिवार संख्या | कैफियत |
|---|---|---|
| १ | १०० | |
| २ | ६८ | |
| ३ | ११० | |
| ४ | १०० | |
| ५ | ६० | |
| ६ | ५० | |
| ७ | ४३ | |
| ८ | ४० | |
| जम्मा | ५७१ जना | |

प्रमुख प्रशासकीय अधिकृत

यम बहादुर चिदी
अध्यक्ष

माथागढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
माडिया पाल्पा
लुम्बिनी प्रदेश नेपाल
२०७३

३. लुम्बिनी प्रदेश सरकार स्वास्थ्य निर्देशनालयको आयोजनामा मिति २०८२/१२/२६ गते माथागढी ४ झडेवामा सञ्चालन हुने निःशुल्क विशेषज्ञ स्वास्थ्य शिविरको लागि खटिई आउने विशेषज्ञ डाक्टरहरुका लागि बास, खाना, खाजा खर्च गाउँपालिकाले विविध खर्च शिर्षकबाट व्यहोर्ने सर्वसम्मतिले निर्णय गरियो।

४. माथागढी गाउँपालिकाको कृषि तथा पशु उद्यमशिल कार्यक्रमको लागि नयाँ मोडालिटीबाट लागत साझेदारी गरी कार्यक्रम सञ्चालन गर्न सम्बन्धित पक्षसँग समन्वय तथा सहकार्य गर्ने सर्वसम्मतिले निर्णय गरियो।

५. माथागढी गाउँपालिका क्षेत्र भित्रका भुमिहिन दलित, भुमिहिन सकुम्वासी र अव्यवस्थित बसोवासीको लगत संकलन भई आवश्यक कार्य अगाडि बढाउन गाउँपालिकामा सेवा केन्द्र फोकल पर्सनको रुपमा यस गाउँपालिकाका जनस्वास्थ्य अधिकृत (सातौ तह) श्री केशब बहादुर जि.सी.लाई तोक्ने सर्वसम्मतिले निर्णय गरियो।

६. गर्मी महिना सुरुवात भैसकेकोले हुन सक्ने आगलागी, खडेरी, धुलोधुवा जस्ता विपद्का घटनाबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न पानि टयाङ्कर जडान (व्यवस्थापन)को लागि टयाक्टर भाडामा लिनु पर्ने भएको हुनाले सूचना प्रकाशन गर्नुपर्ने सर्वसम्मतिले निर्णय गरियो।

७. नेपाली सेनाको गोरखा जितगढी पदयात्राको क्रममा माथागढी गाउँपालिकाको ऐतिहासिक माथागढीमा मिति २०८३/०१/०३ गते आउने कार्यक्रम रहेको र सो दिन र अर्को दिन विहान खाजा तथा खाना व्यवस्थापन गर्नु पर्ने भएकोले सोको खर्च गाउँपालिकाबाट व्यहोर्ने सर्वसम्मतिले निर्णय गरियो।

८. आर्थिक वर्ष २०८२/०८३ मा पशु विकास शाखा तर्फको बंगुर प्रवर्द्धन कार्यक्रमको लागि आवेदन दिएको मध्येबाट हात्तिलुङ्ग कृषि समुह माथागढी-५ लाई छनौट गरी कार्यक्रम सञ्चालन गर्ने गराउने सर्वसम्मतिले निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

यम बहादुर चिदी
अध्यक्ष